का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ वैशाख २०८०,
बिहीबार
4 May 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नक्कली शरणार्थी मुद्दा

## तानिए उच्चपदस्थ

नक्कली शरणार्थी बनाएर ८७५ नेपालीबाट १० लाखदेखि ५० लाखसम्म उठाउने गिरोहमा संलग्न भएको भन्दै प्रहरीले उच्च तहका राजनीतिक नेतृत्वदेखि बहालवाला सचिवमाथि अनुसन्धान थालेको छ ।


टोपबहादुर रायमाझी


सन्दीप रायमाझी


टेकनारायण पाण्डे


प्रतिक थापा


इन्द्रजीत राई

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

नक्कली भुटानी शरणार्थी मुद्दामा पूर्वमन्त्री टोपबहादुर रायमाझीविरुद्ध पक्राउ पूर्जी जारी भएको छ । जिल्ला अदालत काठमाडौंबाट रायमाझीलाई पक्राउ पूर्जी जारी भएको हो ।

अमेरिका लैजने भन्दै ८७५ नेपालीसँग १० देखि ५० लाखसम्म उठाउने गिरोहसँग संलग्नता देखिएको भन्दै प्रहरीले रायमाझीविरुद्ध पक्राउ पूर्जी जारी भएको हो । रायमाझी नेकपा एमालेका केन्द्रीय सचिव हुन् । उनी अर्घाखाँचीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

पक्राउ पूर्जी जारी भएका रायमाझीले पक्राउ पूर्जीबारे जानकारी नभएको बताएका छन् । अर्घाखाँचीमा रहेका रायमाझीले भने, 'दलालहरू के/के गर्छन्, मलाई केही थाहा छैन । यसबारे कुनै जानकारी समेत छैन, मलाई यस विषयमा प्रहरीले कुनै सोधपुछ समेत गरेको छैन ।'

रायमाझीका छोरा सन्दीपलाई पनि पक्राउ पूर्जी जारी गरिएको थियो । सन्दीप बुधबार साँझ बुटवलबाट पक्राउ परेका छन् । यो मुद्दामा उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ परिसकेका छन् । पक्राउ पूर्जी जारी भएपछि पूर्व गृहसचिव पाण्डे आफै प्रहरी सम्पर्कमा गएका थिए ।

सचिव पाण्डेलाई २०७८ साउन २७ गतेदेखि २०७९ असोज २ गतेसम्म गृह सचिव थिए । त्यही बेला ठगी गिरोहसँग साँठगाँठ गरेको आरोपमा उनीमाथि लागेको छ । यद्यपि, २०७६ सालमा भुटानी शरणार्थीको पहिचान गर्न गृह मन्त्रालयका सहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदल गठन भएको थियो ।

तर, उक्त कार्यदलले गरेको अध्ययन भने हालसम्म पनि गोप्य नै राखिएको छ । उक्त प्रतिवेदनमा ८ सय बढी नक्कली शरणार्थीको नाम उल्लेख भएको स्रोतले बताउँदै आएको छ ।

नक्कली शरणार्थी मुद्दामा तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ परिसकेका छन् । रु. ५ करोड बढी रकम लिएको अभियुक्तको बयानबाट आधारमा राईलाई नियन्त्रणमा लिएर असन्धान थालिएको हो । नक्कली शरणार्थी बनाउने मुद्दामा गत १२ चैतमा केशव दुलाल, सानु भट्टराई र टंककुमार गुरुङ पक्राउ परेका थिए ।

पक्राउ परेका यी तीन जनाको बयानका आधारमा तत्कालीन गृह मन्त्रीका सुरक्षा सल्लाहकार राई, तत्कालीन गृह सचिव पाण्डे, पूर्वमन्त्री टोपबहादुर रायमाझी, रायमाझीका छोरा सन्दीप र तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापा तानिएका हुन् ।

पक्राउ परेका र पक्राउ पूर्जी जारी भएकाहरुमाथि संगठित अपराध कसूर मुद्दामा अनुसन्धान अगाडि बढाइएको छ । यसरी नक्कली शरणार्थी बनाउने मुद्दामा संलग्न मुद्दामा बहालवाला सचिवदेखि उच्च राजनीतिक नेताहरु तानिदै गएका छन् ।

तत्कालीन गृहमन्त्री थापा अहिले एमालेका केन्द्रीय उपाध्यक्ष छन् । त्यसैले यो अहिलेसम्मकै ठूलो मुद्दा बन्ने देखिन्छ ।

## पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेल

एकद्वार प्रणालीद्वारा समानुपातिकरुपमा सरकारी विज्ञापन वितरण गर्नका लागि गठित विज्ञापन बोर्डका अधिकारीहरुबाट बोर्ड स्थापनाकै उद्देश्यविपरीत पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेलमा लागेको आरोप लाग्न थालेको छ ।




**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख

सरकारी विज्ञापनलाई एकद्वार प्रणालीद्वारा समानुपातिक रुपमा वितरण गर्नका लागि गठन भएको बोर्ड हो- विज्ञापन बोर्ड । तर, औपचारिक रुपमा सरकारी विज्ञापन एकद्वारप्रणालीद्वारा समानुपातिक रुपमा वितरणको सुरुवात भएको छैन् । तर, सरकारले सरकारी विज्ञापनलाई बोर्डमार्फत वितरणको तयारी अगाडि बढाएको छ । यही बेला पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेल सुरु भएको छ ।

विज्ञापन बोर्डका अधिकारीहरू नै बोर्ड स्थापनाकै उद्देश्यविपरीत पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेलमा लागेका हुन् । कानुनतः सञ्चार माध्यमहरुलाई नेपाल सरकारबाट उपलब्ध गराईने सार्वजनिक हित सम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा बोर्ड मार्फत समानुपातिक रुपमा वितरण गर्ने अधिकार बोर्डलाई दिइएको छ ।

नेपाल सरकार, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चारमाध्यम तथा सरकारी निकायबीच समन्वय गर्ने, विज्ञापन व्यवसाय र व्यवसायीको योग्यता र क्षमता विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न मन्त्रालयमा सिफारिस गर्ने अधिकारप्राप्त बोर्डका अधिकारीहरु बोर्डको स्थापनाकै उद्देश्यविपरित पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेलमा लागेको आरोप लाग्न थालेको हो ।

सरकारी विज्ञापन समानुपातिक रुपमा वितरण गर्नुपर्ने माग गर्दै विगतमा सर्वोच्च अदालतमा समेत मुद्दा परेको थियो । सर्वोच्च अदालतले समेत समानुपातिक रुपमा विज्ञापन वितरण गर्नका लागि आदेश जारी गरेको छ । सर्वोच्च अदालतले विभिन्न मितिमा जारी गरेको आदेश प्रतिकुल हुने गरी विज्ञापन वोर्डका अधिकारीहरु पहुँचका आधारमा सरकारी विज्ञापन वितरणको चलखेल लागेका हुन् ।

सरकारले ११ वर्ष अघि नै समानुपतिक विज्ञापन प्रणाली लागू गर्न गृहकार्य गरेको थियो । त्यसबेला नै समानुपतिक विज्ञापन प्रणाली लागू गर्ने प्रयास रोक्ने प्रयास भएको थियो । चलखेलका बाबजुद सरकारले सूचना तथा विज्ञापनको समानुपातिक वितरण प्रणाली संम्बन्धी निर्देशिका २०६९ जारी गरेको थियो । उक्त निर्देशिका कार्यान्वयन हुन नदिन त्यसको खारेजीको माग गर्दै तेजवहादुर कटुवालले सर्वोच्च अदालतमा रिट दिएका थिए ।

उक्त रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय डा.आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संयुक्त इजलासले २०७३ साल साउन २६ गते कटुवालको रिट निवेदन खारेज गरिदिएको थियो । त्यसले सरकारले जारी गरेको निर्देशिका कार्यान्वयन गर्न बाटो खुलेको थियो । रोक्ने प्रयासका बाबजुत तत्कालीन प्रधानमन्त्री डा.वावुराम भट्टराई नेतृत्वको सरकारले २०६९ चैत १ गतेदेखि उक्त निर्देशिका लागू गरेको थियो । यस सम्बन्धमा सर्वोच्च अदालतमा रिट दायर भएको थियो । की एडभटाइजिङ, भेराइटी कन्सल्टीङ नेटवर्क, कम्युनिकेशन डेभलपमेण्ट ग्रुप, नेपाल विज्ञापन संघ, मल्टीनेशनल एडभटराइजस, एसपी मिडिया, एय एक्सप्रेस समेत तेजवहादुर कटवालले उक्त निर्देशिका खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दिएका थिए ।

सरकारी विज्ञापन प्रकाशन प्रशारणमा कमिशनतन्त्र हावी भएर व्यापक अनियमितता भएको पाइएपछि सरकारले नियम कानून बनाएर त्यसलाई नियमन गर्न खोज्दा त्यसलाई कार्यान्वयन हुन नदिन निश्चित व्यक्तिहरु निरन्तर लाग्दै आएका छन् । सरकारी तथ्याङ्क अनुसार पृष्ठ २ मा

### नियमावली संशोधन गर्ने निर्णय



गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले 'विज्ञापन नियमन गर्ने ऐन २०७६ मा भएको एकद्वार र समानुपातिक विज्ञापनका सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गरी विज्ञापन नियमावली २०७७ संशोधन गर्ने' निर्णय गरेको छ ।

नियमावली संशोधन गरेर समानुपातिक विज्ञापन प्रणालीलाई पन्छाउने प्रयास गरेको सरोकारवालाहरुको भनाइ रहेको छ । उनीहरुका अनुसार विज्ञापन बोर्डले समानुपातिक विज्ञापन वितरणको प्रक्रियालाई अघि नबढाउने गरी नियमावली संशोधन गर्न खोजिएको छ । विज्ञापन बोर्डले विज्ञापन (नियमन गर्ने) ऐन २०७६ लाई संसोधन गर्न विज्ञापन (नियमन गर्ने) (पहिलो संसोधन) नियमावली २०८० प्रस्ताव गरेको छ ।

सबै सरकारी विज्ञापन संकलन गरेर सञ्चार माध्यमहरूलाई समानुपातिक रुपमा वितरण गर्ने त्यसको भुक्तानी पृष्ठ २ मा

नवौं पटक मन्त्रिपरिषद् विस्तार

## सरकार अझै अपूर्ण

१० पुसमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले पाँच महिनाका बीचमा नवौं पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । तर सरकारले अझै पूर्णता पाउन सकेको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

१० पुसमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले पाँच महिनाका बीचमा नवौं पटक मन्त्रिपरिषद विस्तार गरेका छन् । तर, सरकारले अझै पूर्णता पाउन सकेको छैन् । प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद विस्तार गरेका छन् ।

नेपाली कांग्रेसले आफ्नो भागमा परेको मन्त्रीहरुको नाम टुंगो लगाएर पठाएपछि मन्त्रिपरिषद विस्तार भएको हो । कांग्रेस उपसभापति धनराज गुरुङ कानुन न्याय







तथा संसदीय मामिला, मोहनबहादुर बस्नेत स्वास्थ्य तथा जनसंख्या र डिगबहादुर लिम्बु युवा तथा खेलकुदमन्त्री बनेका छन् ।

नवनियुक्त मन्त्रीहरुको बिहीबार दिउँसो ३ बजे शपथ ग्रहण हुनेछ । ३ जना मन्त्री नियुक्तिसँगै मन्त्रिपरिषद पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारका नाममा ठगीका घटना दिनहुँ बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख

पछिल्लो समय वैदेशिक रोजगारको प्रलोभन देखाएर ठगी गर्ने घटना बढ्दै गएको छ । प्रहरीले वैशाख १९ गते वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चितवन राप्ती नगरपालिका-९ लालपुर घर भई भक्तपुर जगाती बस्ने ३१ वर्षीय राजु श्रेष्ठलाई पक्राउ गऱ्यो । श्रेष्ठविरुद्ध सेक्युरिटी गार्डमा एक लाख रुपैयाँभन्दा बढी तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक-पटक गरी ७ लाख रुपैयाँ लिई ठगी गरेको आरोप छ ।

त्यसको दुई दिनअघि वैशाख १७ गते अष्ट्रेलिया पठाइदिन्छु भन्दै ३० लाख रूपैयाँ ठगी गरेको अभियोगमा चितवन भरतपुर महानगरपालिका-४ घर भई काठमाडौं महानगरपालिका-१ लाजिम्पाट बस्ने २७ वर्षीय सञ्जय रेग्मीलाई प्रहरीले पक्राउ गऱ्यो ।

सोही दिन प्रहरीले दुबइ पठाई प्रतिष्ठित कम्पनीमा ६० हजार रूपैयाँभन्दा बढी तलब हुने काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक-पटक गरी ३ लाख ५० हजार रुपैयाँ लिई ठगी गरेको आरोपमा तनहुँ भिमाद नगरपालिका-२ घर भई काठमाडौं महानगरपालिका-२६ सामाखुसी बस्ने मनबहादुर कुमाललाई पक्राउ गरेको थियो ।

त्यसको चार दिनअघि प्रहरीले वैशाख १३ गते इजरायल पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा झापा कमल गाउँपालिका-७ घर भई काठमाडौं कपन बस्ने ३२ वर्षीया हरिकला दाहाललाई पक्राउ गरेको थियो । उनले वैदेशिक रोजगारीका लागि इजरायल पठाई कन्सट्रक्सनको काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक-पटक गरी ४८ लाख रुपैयाँ ठगी गरेको उजुरी वैदेशिक रोजगार विभागमा परेको छ ।

वैशाख १२ गते क्यानडा पठाइदिन्छु भन्दै ९ लाख रुपैयाँ ठगी गरेको आरोपमा पोखरा महानगरपालिका-१८ घर भई काठमाडौं गोकर्णेश्वर बस्ने ३४ वर्षीया विपना कुँवर पक्राउ परिन् । पृष्ठ २ मा

## सक्रिय हुँदै मिनी संसद्

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

प्रतिनिधिसभाले १० वटै विषयगत समिति (मिनी संसद) सक्रिय हुन खोज्दैछ । संसदीय समिति गठन भएसँगै संघीय संसद सचिवालयले समितिको पहिलो बैठक बोलाउने तयारी गरेको हो । प्रतिनिधिसभाको गत शुक्रबारको बैठकले १० वटा विषयगत समिति गठन गरेको थियो । संघीय संसद् सचिवालयले समितिको पहिलो बैठक बोलाएर समिति सभापति चयनको प्रक्रिया अगाडि बढाउने तयारी थालेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसद् सचिवालयले समिति गठन भएको जानकारी सम्बन्धित समिति सचिवालयलाई गराइसकेको छ । उनी भन्छन्, 'अब समितिहरू आफ्नो बैठक बस्ने पूर्वतयारीको चरणमा छन् ।' उनी अगाडि थप्छन्, 'सभापतिको निर्वाचनको सम्बन्धमा हाम्रो नियमावलीको व्यवस्था भनेको सभामुखले तोकेको दिनमा सभापतिको निर्वाचन हुने र सो को सूचना सचिवले निर्वाचन हुनुभन्दा ४८ घण्टा अगावै प्रकाशन गर्ने भन्ने व्यवस्था छ ।'

पहिलो बैठकअघि सभामुखले संसदीय दलका प्रमुख सचेतक तथा सचेतकहरूसँग छलफल गर्ने संघीय संसद् सचिवालयका प्रवक्ता गिरीले जानकारी दिए । समिति सचिवालयले पनि समितिको ज्येष्ठ सदस्यसँग समन्वय गरेर मिति तय गरी पहिलो बैठक बोलाउने उनले जानकारी दिए । प्रतिनिधि सभामा १० वटा विषयगत समिति छन् । यसको साथै प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरु रहनेगरी दुई विषयगत समिति छन् ।


KUWAIT मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: ABDUL HAMEED SALEM SONS COMM. CO. WLL — शहर : SAFAT
पूर्व स्वीकृत मिति: २०८०/०१/२०　चलानी नं.: ६०२००९०३　LT. No.: 285464

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 400 | 250 | स. काममा दक्ष | 85 | ३६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०१/१९　चलानी नं.: ६०२००८९६　LT. No.: 285441

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/ Helper | 150 | 50 | स. काममा दक्ष | 85 | ३६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० बैशाख २८, २९, ३०, ३१ र जेठ १ गते सम्म (11, 12, 13, 14 & 15 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

# पूर्वमन्त्री शर्मा गृहजिल्लामा जनभेटघाटमा व्यस्त

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० वैशाख

पूर्व अर्थमन्त्री तथा नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा (प्रभाकर) जनभेटघाटमा व्यस्त रहेका छन् । गत १७ गते गृह जिल्ला रुकुम पश्चिम आएर शर्मा भेटघाटमा व्यस्त रहेको माओवादी केन्द्रका जिल्ला संयोजक गोविन्द रोका (सचिन)ले जानकारी दिए ।

रुकुम पश्चिम आएलगतै पूर्वमन्त्री शर्माले माओवादी केन्द्रको जिल्ला समन्वय समितिको बैठकलाई सम्बोधन गर्नुका साथै विभिन्न योजनाको अनुगमनसमेत गरेको शर्माको सचिवालयले जनाएको छ ।

पूर्वमन्त्री शर्माले २० गते शर्मा बाफिकोट गाउँपालिकाका विभिन्न वडामा जनभेटघाट गरेका थिए । जनभेटघाटका क्रममा पूर्वमन्त्री शर्माले जनताका समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका छन् ।

सो क्रममा बाफिकोट गाउँपालिका वडा नं १० का वडा अध्यक्ष हरि चन्दले पूर्वमन्त्री शर्मालाई वडा कार्यलयको तर्फबाट



विभिन्न योजनाको मागपत्र पेश गरेको जानकारी दिए । विशेष गरि खानेपानी, सिंचाइ, सडक र अन्य आयोजनाको माग गरिएको अध्यक्ष चन्दले बताए । वडा नं १० का स्थानीयवासीले पूर्वमन्त्री शर्मालाई बाजागाजाले स्वागत गरेका थिए ।

पूर्वमन्त्री शर्माले बाफिकोट वडा नं ९ का स्थानीय र जनप्रतिनिधिसँग पनि भेटघाट गरेको माओवादी केन्द्रका कर्णाली प्रदेश कमिटी सदस्य धर्मबहादुर केसीले जानकारी दिए । वडा नं ९ को कार्यालयले पनि पूर्वमन्त्री शर्मासमक्ष योजनाको मागपत्र पेश गरेको थियो ।

पूर्वमन्त्री शर्माले वडा कार्यालयको मागअनुसार आफूले योजना ल्याउन पहल गर्ने आश्वासन दिएका छन् । उनले बाफिकोट गाउँपालिका वडा नं २ र ३ का जनप्रतिनिधि तथा स्थानीयसँग पनि भेट गरेका छन् ।

भेटघाट कार्यक्रममा पूर्वमन्त्री शर्मासहित रुकुम पश्चिम 'क'का प्रदेश सभा सदस्य महेन्द्र केसि (पारसमणी), माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज बसन्त शर्मा (कुशल), माओवादी केन्द्रका कर्णाली प्रदेश कमिटी सदस्य धर्मबहादुर केसी, प्रदेश सदस्य भास्कर मल्ल, माओवादी केन्द्रका बाफिकोट गाउँकमिटी अध्यक्ष चन्द्रबहादुर केसी, आठबिसकोट नगरपालिकाका पूर्वमेयर गोर्खबहादुर केसी (सन्देश), जिल्ला समन्वय समिति रुकुम पश्चिमकी प्रमुख लुम्बिनी गौतम, प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तलगायतको सहभागिता रहेको थियो । रुकुम पश्चिमका विभिन्न स्थानीय तहमा पूर्वमन्त्री शर्माको भेटघाट जारी रहेको छ ।

यसैबीच बाफिकोट गाउँपालिका वडा नम्बर १० का तीन जना नेपाली कांग्रेस परित्याग गरी नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । कांग्रेसका क्रियाशील सदस्य गजेन्द्रबहादुर बुढा, खिम ओली र शिवा शाही माओवादी केन्द्रमा प्रवेश गरेको बाफिकोट गाउँपालिका अध्यक्ष चन्द्रबहादुर केसीले जानकारी दिए । उनीहरुलाई पूर्वमन्त्री तथा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा (प्रभाकर)ले अबिर, मालासहित पार्टिमा स्वागत गरेका थिए ।

# पत्रकार सुरक्षासम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख

नेपाल पत्रकार महासंघले ३०औं विश्व प्रेस स्वतन्त्रता दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ । नेपाल पत्रकार महासंघले बिहान सिनामगंलचोकबाट महासंघ केन्द्रीय कार्यालयसम्म प्रभातफेरी आयोजना गर्नुका साथै प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षासम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ ।

महासंघको प्रभातफेरीलाई ऐक्यवद्धता जनाउँदै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले स्वच्छ पत्रकारिता लोकतन्त्रको सुन्दर पक्ष रहेको भन्दै संविधानले प्रत्याभूत गरेको व्यवस्थाका आधारमा पूर्ण प्रेस स्वतन्त्रतालाई सम्मान हुने गरी प्रेससम्बन्धी कानून निर्माण गरिने बताइन् ।

उनले प्रेसजगतको सहभागितामा प्राप्त भएको हालको उपलब्धिप्रति नकारात्मक टिकाटिप्पणी हुन थालेको भन्दै त्यसप्रति पत्रकारिता जगतले सहज भूमिका खेल्नुपर्नेमा जोड दिइन् । वार्षिक प्रतिवेदन सार्वजनिक कार्यक्रमका प्रमुख अतिथि एवं राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभकामना दिँदै कुनै पनि बाहानामा प्रेसमाथि अंकुश लगाउन नहुने बताए ।

# शिक्षा अधिकृत पौडैलविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललितपुर महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत शेषकान्त पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । एक लाख रुपैयाँ घुससहित पक्राउ परेका शिक्षा अधिकृत पौडेलविरुद्ध अख्तियारले बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

शिक्षक सरुवा गर्न सहजीकरण गरिदिएवापत सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले पौडेललाई सेवाग्राहीबाट एक लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो । पौडेलविरुद्ध एक लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम कैद सजाय हुन मागदावी लिई भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

**अध्यक्षसहित तीन जना घुससहित पक्राउ**

काठमाडौंको गोकर्णेश्वर नगरपालिका वडा नं. ३ स्थित राजाडिल सडकखण्ड मर्मत तथा निर्माण उपभोक्ता समितिका अध्यक्ष लक्ष्मण अधिकारीसहित ३ जना घुससहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समितिका अध्यक्ष अधिकारीसहित सदस्य मोहनप्रसाद कुइकेल र बालुवा डिपो सञ्चालक सुसान्त कुइकेललाई घुससहित पक्राउ गरेको हो ।

उनीहरुले गोकर्णेश्वर नगरपालिकाबाट मर्मत तथा निर्माणको काम लिई ठेक्कामा लगाए पश्चात सेवाग्राहीबाट बाटो स्तरउन्नति योजनाको निर्माण कार्य सम्पन्न भई उपभोक्ता समितिमार्फत भुक्तानी हुन बाँकी रकम भुक्तानी दिने क्रममा घुस लिएको अख्तियारले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले उनीहरुलाई सेवाग्राहीबाट एक लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा उक्त रकमसहित ३० हजार रुपैयाँको चेकसहित नियन्त्रणमा लिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

## पहुँचका...

हाल सरकारी विज्ञापन वार्षिक रुपमा पाँच अर्ब रुपैयाँभन्दा वढी रहेको छ । सो रकममा लगभग ८० प्रतिशत रकम घोटाला हुने गरेको आरोप लाग्ने गरेको छ ।

सरकारले समानुपातिक विज्ञापन प्रणाली लागू गर्न यस अघि २०६५ सालमा सूचना विभागका तत्कालीन महानिर्देशक श्रीधर गौतमको संयोजकत्वमा छ सदस्यीय कार्यदल बनाएको थियो । त्यसमा उपत्यका एफएम मञ्चका भरत शाक्य, साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालका देवप्रकाश त्रिपाठी, नेपाल समाचारपत्रका पुष्करलाल श्रेष्ठ, नेपाल पत्रकार महासंघका उपाध्यक्ष गोविन्द आचार्य र नेपाल विज्ञापन संघका राजकुमार भट्टराई सदस्य रहेका थिए ।

सरकारी विज्ञापनलाई कसरी समानुपातिक वनाउन सकिन्छ भन्ने बारेमा सुझाव दिन उक्त कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले विज्ञापन प्राधिकरण गठन गरी त्यसमार्फत सबै सरकारी सूचना संचारमाध्ययमहरुलाई समानुपातिक रुपमा वितरण गर्न सरकारलाई सुझाव दिएको थियो ।

त्यस अघि २०५६ माघ ११ गते संञ्चार मन्त्रालयका तत्कालीन सल्लाहकार पुरुषोत्तम दाहालको संयोजकत्वमा नौ सदस्यीय पत्रकारिता क्षेत्र अध्ययन तथा सुझाव कार्यदल २०५६ गठन भएको थियो र त्यसले विज्ञापन वितरणमा एकद्धार नीति लागू गरिनुपर्ने सिफारिस गरेको थियो ।

त्यसपछि सरकारले सांसद राधेश्याम अधिकारीको संयोजकत्वमा २०६३ जेठ २९ र २०६३ असार १९ गते निर्णय अनुसार १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३ गठन गरेको थियो । त्यसले पनि समानुपातिक किसिमबाट विज्ञापन वितरण गर्नुपर्ने र त्यसका लागि सरकारले विज्ञापन प्राधिकरण गठन गर्नुपर्ने सुझाव दिएको थियो ।

त्यसपछि सरकारले राष्ट्रिय विज्ञापन नीति सम्बन्धी कार्यदल गठन गरेको थियो । त्यसलाई नेपाल पत्रकार महासंघले समानुपातिक तरिकाले विज्ञापन वितरण गरिनुपर्ने सुझाव दिएको थियो । साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालले पनि सरकारी विज्ञापनको समानुपातिक वितरण नै पत्रकारिताको विकासको सबैभन्दा उत्तम विकल्प हुने निष्कर्ष सहितको सुझाव दिएको थियो ।

उच्चस्तरीय मिडिया सुझाव आयोग २०६३ को प्रतिवेदनमा पनि समानुपातिक विज्ञापन प्रणाली लागू गरिनुपर्ने उल्लेख छ । २०५६ माघ ११ मा गठित कार्यदलले पनि त्यही निष्कर्ष निकालेको छ । सरकारी सूचना तथा विज्ञापन समानुपातिक प्रणाली नीति २०६६ को अवधारणा पत्रमा पनि उच्चस्तरीय मिडिया आयोगको प्रतिवेदनलाई नै आधार बनाएको छ । ती सबैको सुझाव र प्रतिवेदनको गहन अध्ययन र विश्लेषण पछि सरकारले सूचना वा विज्ञापनको समानुपातिक वितरण प्रणाली सम्वन्धी निर्देशिक २०६९ जारी गरेको थियो ।

त्यसलाई कार्यान्वयन हुन नदिन सर्वोच्च अदालतमा रिट निवेदन हालिएपछि केही समय कार्यान्वयनमा अवरोध आएको थियो । उक्त मुद्दामा तत्कालीन कामु प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा र न्यायाधीश सुशिला कार्कीको संयुक्त इजलासले न्यायाधीश गिरिश चन्द्रलाल कर्णको एकल इजलासले २०६९ फागुन २० गते दिएको अन्तरीम आदेशलाई निरन्तरता नदिने परमादेशपछि निर्देशिका कार्यान्वयनको चरणमा प्रवेश गरेको थियो ।

त्यसपछि किशोर श्रेष्ठले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाएर दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले सो निर्देशिकाले समस्त मिडियाको हकमा समानुपातिक विज्ञापन वितरणको व्यवस्थालाई लागू गर्न कुनै व्यवधान भएको देखिएन भनी निर्देशिका कार्यान्वयन गर्न नरोक्नु / नरोकाउनु भनी अन्तरिम आदेश भएको थियो । उक्त आदेशपछि विज्ञापन वोर्ड गठनको बाटो खुलेको थियो ।

विज्ञापन वोर्ड गठनको उद्देश्य सबै सरकारी विज्ञापन एकै ठाउँमा ल्याएर सञ्चार माध्यमहरुलाई समानुपातिक ढंगले वितरण गर्ने, त्यसको भुक्तानी दिने र बिलको तीन प्रतिशत कमिशन लिएर वोर्ड संचालन गर्नु हो । तर, विज्ञापन वोर्ड त्यसको ठीक उल्टो वाटोमा हिड्न लागेको सरोकारवालाहरुको आरोप छ ।

## नियमावली...

दिने र त्यस बापत ३ प्रतिशत कमीशन लिएर बोर्ड संचालन गर्ने उद्देश्यका साथ सरकारले विज्ञापन बोर्ड गठन गरेको हो । तर, अहिले मुख्य उद्देश्यबाट च्यूत भएर लोककल्याणकारी विज्ञापनको एकद्वार प्रणालीबाट वितरण गरेर बाटो बदल्न लागेको हो ।

स्रोतका अनुसार नियमावली संसोधन गरेर समानुपातिक विज्ञापन प्रणाली भन्ने शब्दावली हटाएर लोककल्याणकारी विज्ञापनको एकद्धार प्रणालीबाट वितरण गर्ने तयारी गरिएको छ । यसो नगर्न सरोकारवालाहरुले सरकारको ध्यानाकर्षण गर्दै आएका छन् । गत चैत १७ गते लुम्बिनीमा सम्पन्न राष्ट्रिय मिडिया सम्मेलनमा सहभागी प्रतिनिधिहरुले संचारमन्त्री रेखा शर्माकै उपस्थितिमा विज्ञापन बोर्डको कामकारबाहीको आलोचना गरेका थिए ।

त्यसकै प्रभाव स्वरुप गत सोमवार सार्वजनिक बिदाका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा त्यस सम्बन्धमा आकस्मिक बैठक राखेर छलफल भएको थियो र उक्त बैठकले बोर्डलाई घोषित उद्देश्य विपरीत जाने गतिविधि रोकेर समानुपातिक विज्ञापन वितरण प्रणालीमा जान निर्देशन दिएको थियो । मन्त्रालयको निर्देशन पछि विज्ञापन बोर्डले त्यस बारेका छलफल गरेर निर्णय लिन अर्को छलफलको तयारी गरेको स्रोतको भनाइ रहेको छ ।

समानुपातिक विज्ञापन वितरण प्रणाली नअपनाउन र त्यसको साटो लोककल्याणकारी विज्ञापन वितरणमा एकद्धार प्रणाली अपनाउन खोजेर विज्ञापन नियमावली २०७६ संसोशन गर्न विज्ञापन बोर्डले मन्त्रालय समक्ष सिफारिस गरेको संसोधन प्रस्तावलाई मन्त्री शर्माले ठाडै अस्वीकार गरेपछि विज्ञापन बोर्डले आगामी आइतबार छलफल कार्यक्रम राखेको बुझिएको छ ।

## नवौं...

२२ सदस्यीय भएको छ । १० पुसमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले पाँच महिनाका बीचमा नवौं पटक मन्त्रिपरिषद विस्तार गरेका हुन । तर अझै मन्त्रिपरिषदले पूर्णता पाएको छैन । वन तथा वातावरण र खानेपानी मन्त्रालय खाली छ ।

सत्तारुढ गठबन्धनमा रहेका दलहरुका बीचमा वन तथा वातावरण जनता समाजवादी पार्टी (जसपा)को भागमा परेको छ । जनमत पार्टी सरकारबाट बाहिरिएपछि खानेपानी मन्त्रालयको नेतृत्व प्रधानमन्त्री प्रचण्ड आफैँसँग छ ।

जसपा नेता प्रदीप यादव पार्टीबाट सरकारमा पठाउने मन्त्रीको विषयमा छलफल जारी रहेको बताउँछन् । 'मन्त्रिपरिषद विस्तार हुने जानकारी थिएन' उनी भन्छन्, 'मन्त्री पठाउने जिम्मा अध्यक्ष (उपेन्द्र यादव)लाई दिइएको छ । उहाँले टुंगो लगाएपछि हाम्रो तर्फबाट पनि नाम जान्छ ।'

जनमत सरकारबाट बाहिरिएपछि खाली भएको खानेपानी मन्त्रालयमा कांग्रेसले दाबी गरेको थियो । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीकै समेत सरकारमा सहभागिताको विषय चलिरहेकाले प्रधानमन्त्रीलाई नै छाडिदिएको कांग्रेस नेताहरु बताउँछन् । २२ सदस्यीय मन्त्रिपरिषदमा नेपाली कांग्रेसबाट ८ जना रहेका छन् । नेकपा माओवादी केन्द्रबाट प्रधानमन्त्रीसहित ५ मन्त्री र २ राज्यमन्त्री गरी ७ जना, जनता समाजवादी पार्टीबाट १ जना, नेकपा एकीकृत समाजवादीबाट २ मन्त्री र १ राज्यमन्त्री गरी ३ जना, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाल समाजवादी पार्टीका १/१ जना रहेका छन् ।

## वैदेशिक...

सोही दिन सिङगापुर पठाइदिन्छु भन्दै ६ लाख ४० हजार रुपैयाँ ठगी गरेको अभियोगमा झापा अर्जुनधारा नगरपालिका-१ घर भई काठमाडौं गोंगबु नयाँ बसपार्क बस्ने ४१ वर्षीय ओमनाथ मैनाली पक्राउ परे ।

विभागमा हाल यस्ता ठगीका उजुरी अस्वभाविकरूपमा बढेका छन् । कतिपय ठगी भएको प्रष्ट देखिएपनि अभियोग पुष्टि हुने प्रमाणको अभावमा उजुरी दर्ता हुन सकेका छैनन् ।

हाल अमेरिका, क्यानडासहित विभिन्न युरोपेली मुलुकसहित मलेसिया र सिंगापुरमा आकर्षक तलबसहितको रोजगारीको प्रलोभनमा ठगी गरेको उजुरीमा दैनिक विभिन्न व्यक्ति पक्राउ पर्ने गरेका छन् ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयले मात्रै वैशाख महिनाको तीन हप्ता मात्रै १८ जनालाई पक्राउ गरेको छ । आकर्षक तलबसहितको वैदेशिक रोजगारी र कतिपयलाई उतै सेटल अर्थात् बसोबास समेत गराइदिने प्रलोभन दिएर लाखौं रकम उठाइएको बताइएको छ ।

प्रलोभनमा परेका, ठगी भएपनि कतै उजुरबाजुर नगर्न दबाब दिइएका अन्य सयौं घटना लुकेर बसेको हुनसक्ने प्रहरीको आंकलन छ । वैदेशिक रोजगारको व्यक्तिगत ठगीमा अधिकांश शैक्षिक कन्सल्ट्यान्सी र केही मात्रामा लामो समयअघि खारेज भइसकेका एजेन्टहरू संलग्न रहेको आशंका वैदेशिक रोजगार विभागको छ । विभागले फागुन मसान्तसम्म व्यक्तिगत ठगीका ६ सय ८६ वटा उजुरी दर्ता भएको बताएको छ । संस्थागत अर्थात् म्यानपावरबाट हुने ठगीका उजुरी धेरै देखिएका छैनन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वैदेशिक रोजगार विभाग समन्वय समितिका संयोजक कर्णराज कटुवालले हालसम्म संघको मेलमिलाप समितिमा १ सय २३ निवेदन आएको र त्यसमध्ये ७७ वटा मिलापत्र गराउन सफल भएको जानकारी दिए ।

३३ वटा निवेदन सम्बन्धित म्यानपावर कम्पनीको कार्यालयमा पठाई समस्या समाधान भएको र प्रयास गर्दा पनि समाधान हुन नसकेका १३ वटा निवेदन कानूनी प्रक्रियाका लागि विभागमा कारबाहीका लागि पठाइएको उनको भनाइ छ ।

**Provincial government**

**Ministry of Water Supply, Irrigation and Energy**

**Koshi Province, Biratnagar**

**Invitation for Sealed Quotations**

**Date of Second Publication: 2080-01-21 (May 04, 2023)**

1. The Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar invites the bids from the Eligible Bidders for the procurement of Goods under sealed quotation as follows:

| S. N. | Contract No. | Description and location of work | Estimated Amount NRs. (With VAT) | Bid Security Amount Nrs. (With VAT) | Bid Document Price (Nrs) |
|---|---|---|---|---|---|
| 1 | MoWSIE-KP/ DoIE/SQ-01/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Sankatmochan temple, Paropakar temple and Bhajarnga Temple, Biratnagar. | 1,306,084/- | 33000/- | 1000/- |
| 2 | MoWSIE-KP/ DoIE/SQ-02/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Bishnu Panchayan Temple, Kali Navo Durga Temple, Patakali Temple, Jhapa | 943013/- | 24000/- | 1000/- |
| 3 | MoWSIE-KP/ DoIE/SQ-03/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Singabahini, Tehrathum and BrindrabanTemple, Morang. | 1550328/- | 39000/- | 1000/- |
| 4 | MoWSIE-KP/ DoIE/SQ-04/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Arjundara Temple and Garamkali Temple, Jhapa. | 1580717/- | 40000/- | 1000/- |
| 5 | MoWSIE-KP/ DoIE/SQ-05/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Satisidham Temple and Laxmi Narayan Temple, Shivasatasi Municipality Jhapa | 1806804.00 | 46000./- | 1000/- |
| 6 | MoWSIE-KP/ DoIE/SQ-06/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Bhagwati Temple, Mayawati Temple and Bhimsen Temple, Okhaldunga. | 850409/- | 22000/- | 1000/- |
| 7 | MoWSIE-KP/ DoIE/SQ-07/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Barahachhetra Temple, Hanuman Temple, Sunsari and Thulung Rai Temple, Udayapur. | 1851461/- | 47000/- | 1000/- |
| 8 | MoWSIE-KP/ DoIE/SQ-08/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete in Sesnath pokhari chandser madav dham Temple, Taplejung. | 711451/- | 18000/- | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Telephone: 021-590791, E-mail address: **moirprovince1@gmail.com/ mowsie.p1@gmail.com** or may visit PPMO website www.bolpatra .gov.np/egp. Bidding document is available online only and can be downloaded from e-GP system **http://www.bolpatra .gov.np/egp.**
3. Bidders should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below and submit along with the electronic bid.
   **Name of Office: Ministry of mitWater Supply, Irrigation and Energy, Koshi Province, Biratnagar**
   **Office Code no. : 3130013011 Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Biratnagar**
   **Rajaswa (Revenue) Account No:- 1000100201010001 Rajaswa (Revenue) Shirshak No.: 14229**
4. The Electronic sealed quotations must be submitted through PPMO website www.bolpatra.gov.np on or before 12:00 P.M. on 2080/02/05 (May 19, 2023).
5. The pre-bid meeting shall not be held.
6. The Electronic sealed quotations will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 PM on 2080/02/05 (May 19, 2023).at Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Nepal.
7. The Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.
   In case of cash deposit, the bidder shall deposit in following account number and shall submit the receipt along with the e-bid:
   **Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Biratnaga**
   **Dharauti Account No: 2120100202030000 (Cash Deposit for Bid Security)**
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Rest of things which are not mentioned in this notice will be according to PPA, 2063 & PPR, 2064.
11. In case of discrepancy or error in Tender Notice, Bid document and other document, MoWSIE, Koshi Province reserves right to amend, correct at any time.

# पुरानो गौरव फर्काउन पूर्वराजा शाहको आह्वान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २० वैशाख



पूर्वराजा ज्ञानेन्द्र शाहले राष्ट्रको पुरानो गौरव फर्काउन उठ्नका लागि सबैसँग आह्वान गरेका छन्।

बुधबार आयोजित नागरिक अभिनन्दन समारोहलाई सम्बोधन गर्दै उनले नेपालीले अब आफ्नै पाखुराको बलमा अघि बढ्न कम्मर कस्नुपर्ने उल्लेख गर्दै यसका निम्ति सबै तहका नागरिकहरुले जुट्नुपर्ने बताए । पूर्वराजा शाहले नेपालगञ्जजस्तो ऐतिहासिक, औद्योगिक र व्यापारिक महत्वको स्थानमा आएर बोल्न पाउँदा खुसी लागेको पनि बताए ।

पूर्वराजा शाहलाई नेपालगन्जमा नागरिकद्वारा भव्य समारोहकाबीच नागरिक अभिनन्दन गरिएको थियो। नेपालगन्जको बाँके बगियास्थित विशाल रामलिला मैदानमा पूर्वराजा शाह, पूर्वरानी कोमल र राजपरिवारका अन्य सदस्यहरुलाई भव्य रुपमा स्वागत गरिएको हो ।

सम्बोधनका क्रममा पूर्व राजा शाहले भने, 'आज नेपालमा यो ऐतिहासिक औद्योगिक र व्यापारिक महत्वको नेपालगन्ज नगरमा आएर तपाईहरुलाई भेट्न पाउँदा मलाई खुशी लागेको छ । यो अवसर दिन हुने आयोजक तथा उपस्थित जनसमूहप्रति आभार व्यक्त गर्दछु। बाँके, बर्दिया, कञ्चनपुर, कैलाली हामीबाट केही समयको लागि कालान्तरमा गुमेको पनि हो ।'

उनले चौसट्ठीबर्ष अघि यही भूमीमा उभिएर राजा महेन्द्रले नेपालको तत्कालीन राज्यविधिका बारे-नेपालका तत्कालीन राजनीतिक दलहरूलाई केही सचेतनामूलक सम्बोधन भएको स्मरण पनि गरे। 'लामो अन्तरालपछि फेरि पनि उभिएर म आज देशको दशाका विषयमा त्यही र त्यस्तै कुरा गर्न विवश छु। मलाई दुःख लाग्छ - यो लामोअवधिसम्म पनि हाम्रो अवस्था त्यही र त्यस्तै परिस्थितिमा छ।'

उनले आफ्नो नारा जहिले पनि देश बनाउँ– देशवासीको अवस्था सुधारौं, व्यवस्था र पद्धति बसालौं, जनतालाई शान्ति, सुख समृद्धि दिउँ भन्ने रहेको पनि बताए । नीतिहरूमध्येको सर्वश्रेष्ठ नीति राजनीति भए पनि त्यस प्रकारको प्रजातान्त्रिक, त्यस प्रकारको राष्ट्रमुखी,जनमुखी र जनहितकारी हुन नसकिरहेको पनि पूर्वराजा शाहले स्मरण गरे। 'हाम्रो कतिपय नीति पद्धति देश र जनताका निम्ति हुनुपर्ने हो – तर बिडम्बना भन्नुपर्छ, हाम्रो राजनीति तथा हाम्रो राज्यव्यवस्था नेताद्वारा नेताका निम्ति दलद्वारा दलका निम्ति भइरहेको छ,' उनले भने ।

यसैगरी नागरिक अभिनन्दन समारोहका संयोजक तथा बाँके क्षेत्र नं. २ का सांसद डा. धवल शमशेर राणाले भने, 'नेपाली जनताले राजालाई मान्छन् ? नेपाली जनताले राजालाई खोजेका छन् ? नेपाली जनताले यो डुब्न लागेको देशलाई बचाउने माग हो । यो नागरिक समारोह हो, हामी यहाँ सबै जातजातिका सबै धर्मका व्यक्तिहरु सहभागी रहेको अवस्थामा राजा सबैको साझा हुन्, सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र हामीले फर्काउने प्रतिबद्धता गरेका छौं ।'

सांसद डा. राणाले यो राष्ट्रलाई परेको संकट राजसंस्थाले मात्र समाधान गर्न गर्न सक्ने बताए ।

बाँके जिल्लाको पहिचान अवधी भाषामा स्वागत मन्तव्य राख्दै अवधी भाषी कृष्ण देवी पाण्डेले पूर्वराजा तथा हिन्दू हृदय सम्राट ज्ञानेन्द्र शाहलाई स्वागत गरेकी थिइन् । यसैगरी, बाँके जिल्ला क्षेत्र नं. २ राप्रपाका महामन्त्री एवम् सांसद डा. धवलशमशेर राणाद्वारा नागरिक अभिनन्दन पत्र प्रदान गरिएको थियो ।

# क्रोएसियामा रहेका नेपालीमा सचेतना बढाउँदै सुवास घिमिरे

**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, २० वैशाख



युरोपेली मुलुक क्रोएसिया हाल नेपालीहरुको आकर्षणको रोजगारी गन्तव्य बन्दै गएको छ। सन् २०१८ देखि हालसम्म करिब २० हजार नेपाली रोजगारीका लागि क्रोएसिया गएको अनुमान छ ।

तर क्रोएसियामा नेपाली दूतावास नहुँदा रोजगारीमा गएका नेपालीहरु विभिन्न समस्यामा पर्ने गरेका छन् । क्रोएसियाको भाषा, संस्कृति, कानून तथा श्रमिक नीति नियम थाहा नहुँदा रोजगारीमा रहेका नेपालीहरु समस्यामा पर्ने गरेका छन् ।

क्रोएसियामा रहेका विभिन्न संघ संस्थाले नेपाली कामदारहरुको विभिन्न समस्या समाधान गरिरहेका छन् । तर नेपाली दूतावास नहुँदा समस्या समाधानका लागि नेपाली कामदारहरु अभिभावकविहीन जस्तै हुन पुगेका छन् ।

क्रोएसियामा मस्यामा परेका नेपाली कामदारहरुलाई सहयोग गर्ने उद्देश्यले नेपालमै रहेर पनि समाजसेवी सुवास घिमिरेले विभिन्न जानकारीहरु उपलब्ध गराउँदै आएका छन् ।

विगत लामो समयदेखि समाजसेवामा सक्रिय घिमिरे हाल काठमाडौं बस्दै आएका छन् । तर उनले नेपालमै रहेर पनि क्रोएसियाबारे विभिन्न सूचना तथा जानकारी दिएर क्रोएसियामा रहेका नेपालीहरुलाई सेचतना फैलाइरहेका छन् ।

घिमिरेले क्रोएसियामा रहेका नेपालीहरुलाई चाहिने सबै कागजात तथा काम गर्ने प्रक्रियाबारे सूचनाहरु युट्युबमा भिडियो बनाएर हाल्ने गर्छन् । जसबाट क्रोएसियामा रहेका कयौं नेपाली कामदारहरु लाभान्वित भएका छन् ।

झापा, गौरादहमा जन्मिएका घिमिरे दुई वर्षभन्दा बढी समयदेखि यस सेवामा काम गरिरहेका छन् । मध्यान्हसँग कुरा गर्दै उनी भन्छन्, 'दुई वर्षदेखि सेवा गर्दै आएका छौं, हामीले गरेका काममा जाति जानाले हामीबाट सेवा लिनुभएको छ उहाँहरु खुसी हुन्नुहुन्छ । विदेशमा भएका नेपालीहरुका लागि सेवा गर्न पाउँदा खुसी लाग्छ। यो सेवालाई निरन्तरता दिन्छौं ।'

# शिक्षक अभाव हुँदा विद्यार्थी मर्कामा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २० वैशाख

हुम्लाको उत्तरी भेगमा पर्ने नाम्खा गाउँपालिक वडा नं ४ याल्माङमा रहेको महाबौद्ध माध्यामिक विद्यालयमा शिक्षक अभाव हुँदा समस्या भएको छ। विद्यालयमा करिब ६ वर्षदेखि मा.वि. तहको सामाजिक विषयको शिक्षकको अभाव रहेको छ भने २ वर्षदेखि प्रा.व. तहको विज्ञान विषयको शिक्षकको अभाव रहेको छ ।

विद्यालयमा शिक्षक अभाव भएपछि विद्यार्थीहरलाई पढाउन नै समस्या भएको विद्यालयका शिक्षक पेमा डाडुल लामाले बताए। शिक्षक लामाका अनुसार दुई विषयका शिक्षक नहुँदा विद्यार्थीलाई अरु विषयका शिक्षकले नै पढाउँदै आएका छन् ।

यस्तै तीन महिनादेखि मा.वि तहकै नेपाली विषयका शिक्षक पनि नभएको विद्यालयका नि. प्रधानाध्यापक ठानबहादुर बुढाले बताए । विद्यालयमा नाम्खा गाउँपालिकाका ६ वटै वडाका विद्यार्थी पढाईका लागि आउने भएपनि शिक्षक अभाव हुँदा विद्यालय छाड्नेको संख्या बढ्दै गएको छ ।

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०१/२१**

श्री कैनपानी नौलो सामुदायिक वन उपभोक्ता समुह, भेरीगंगा ५ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान २५३ को २५१८.२८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री कैनपानी नौलो सामुदायिक वन उपभोक्ता समुह,**
**भेरीगंगा ५, सुर्खेत ।**

**बीमालेख हराएको सूचना**

मिति २०७९ साल चैत्र २५ गते इमाडोलबाट कपन जाँदा मेरो निम्न व्होरा भएको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न नम्बरमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : सुवास कुँवर
बीमा लेख नम्बर : १०७०३९६६३
ठेगाना : बुढानीलकण्ठ-१०, काठमाडौं
सम्पर्क नम्बर- ९८४१९४४८२७

**मलेसियामा रोजगार** | कम्पनी: **PERKASA FORCE SDN.BHD.**
शहर: Malaysia, Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/०८/२८ चलानी नं.: ६०१९३३५४ LT. No.: 277762 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 106 | 0 | स. काममा दक्ष | 1500 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २८ गते (11 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुसिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०८०/०१/२१**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण सम्बन्धी मिति २०७९/१२/१६ गते प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन हुंदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मिति २०८०/०१/१९ गतेको बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्वीकृतिका लागि छनोट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | बोलपत्र संख्या | बोलपत्रदाता | बोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction of Musikot Park, Musikot 07, Sankh Daha | NCB/MM/Ruk.w./W.08-079/080 | M/S Harisiddhi Construction and Suppliers, Khalanga 06, Rukum | 48,82,409.37 | 33.77 % Less |

**प्रमुख प्रशासकिय अधिकृत**

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**भोजपुर, कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**(प्रकाशित मिति : २०८०/०१/२१)**

यस कार्यालयबाट मिति २०७९/१०/२६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (Single Stage Two Envelope) आह्वान सम्बन्धी सूचना अनुसार प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका बोलपत्रदाताहरु उत्तिर्ण भएकोले सार्वजनिक खरिद ऐन २०६४(संशोधन सहित) को दफा २७ को उप(दफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | IDO/BHO/W/NCB-75/078/79 | Construction Bhojpur-Dingla (Bhojpur-Tintale Section) Road | M/S Himdung And Thokar Co.(P.) Ltd., Dhapasi, Kathmandu |
| | | | M/S Diwa-Ajad JV, Kathmandu |
| | | | M/S Rayamajhi-Marseli JV, Bhojpur |
| | | | M/S Uma & Company-Divya Jyoti JV., Kalanki |
| २ | IDO/BHO/W/NCB-76/078/79 | Construction Bhojpur-Dingla (Tintale-Dingla Section) Road | M/S Uma & Company-Divya Jyoti JV., Kalanki |
| | | | M/S Vedanshee Infrastructure Pvt. Ltd., Baluwatar |

**आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थानः**
मितिः २०८०/०१/२८ (May 11, 2023)
समयः दिनको ११:०० बजे
स्थानः पूर्वाधार विकास कार्यालय, भोजपुर

**कार्यालय प्रमुख**

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**
**२०७३**

**संसोधित आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना**


**(सूचना प्रकाशित मितिः २०८०।०१।२१)**

यस कार्यालयबाट मिति २०७९/११/०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गर्दा योग्यताको सबै आधारमा सफल भई सारभूत रुपमा प्रभावग्राही बोलपत्र भई आर्थिक प्रस्ताव खोल्न निर्णय भई मिति २०८०/०१/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा आशयको सूचना प्रकाशन गरिएकोमा मिति २०८०/०१/१८ गतेको निर्णयानुसार पुनः मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्ने निर्णय भएको हुँदा मिति २०८०/०१/२८ गते दिनको १:०० बजे यस नगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम हुने गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| बोलपत्रको नाम र नं. | बोलपत्रदाताको नाम ठेगाना |
|---|---|
| Construction of Shree Janata Belaka Secondary School Building, Belaka Municipality-1, Udayapur IFB no. 08/BELAKA/NCB/W/2079-080 | सगरमाथा/भुस्नाम्छा जे.भि. त्रियुगा नगरपालिका-११, उदयपुर |
| | सुसम आदित्य/भानुमती जे.भि. त्रियुगा नगरपालिका-१२, उदयपुर |
| | सम्वृद्धी सम्पन्न-विजय सिर्जना जे.भि. बानेश्वर-१०, काठमाडौं |

**प्रमुख प्रशासकीय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com
२१ वैशाख २०८०, बिहीबार
4 May 2023, Thursday

## सम्पादकीय

### संकटमा अर्थतन्त्र !

चालु आर्थिक वर्ष २०७९/०८० को आर्थिक बृद्धिदर २.१६ प्रतिशतमा सीमित हुने राष्ट्रिय तथ्याङ्क कार्यालयले अनुमान गरेको छ । यदि यो अनुमानभित्रै आर्थिक बृद्धिदर सीमित भएमा त्यसले मुलुकको अर्थतन्त्र ठूलै संकटमा रहेको प्रष्ट हुनेछ । किनकि कोरोना महामारीका कारण आर्थिक गतिविधि ठप्प भएको वर्ष २०७६/०७७ मा समेत यो भन्दा आर्थिक बृद्धिदर धेरै थियो । त्यो आर्थिक वर्ष २.४ प्रतिशत आर्थिक बृद्धिदर थियो । आर्थिक वर्ष २०७७/०७८ मा ४.५ प्रतिशत र २०७८/०७९ मा ५.३ प्रतिशत आर्थिक बृद्धिदर थियो । तर त्यसबाट घटेर यसपटक २.१६ प्रतिशत मात्रै कायम हुने अनुमान गरिएको छ ।

सरकारले भने चालु आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक बृद्धि गर्ने लक्ष्य लिएको थियो । तर त्यही गठबन्धनको सरकार कायम हुँदा पनि लक्ष्य भन्दा असाध्यै कम मात्र आर्थिक बृद्धिदर कायम रहने अनुमान गरिएको छ । सरकारले लिएको लक्ष्य भन्दा एसियाली विकास बैंक र विश्व बैंकले कम (४.१ प्रतिशत) आर्थिक बृद्धिदर हुने अनुमान गरेको थियो । तर एडीबी, विश्व बैंक र सरकारले लिएको मध्ये कुनैपनि लक्ष्य पूरा हुने अवस्था नरहेको अनुमान गरिएको छ । यसको अर्थ आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा पनि चालु आवको आर्थिक बृद्धिदरलाई ध्यान दिइनुपर्नेछ । अझ अहिले सरकारी संयन्त्र आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा जुटेकाले यसलाई महत्वका साथ हेरिन आवश्यक छ ।

अझ बजेट निर्माणका क्रममा राजनीतिक नेतृत्वले यसतर्फ ध्यान दिन जरूरी छ । त्यसैपनि यूक्रेन-रूस युद्धका कारणले विश्वब्यापी आर्थिक संकट देखिएको छ । त्यसको संभावित असरबारे छलफल हुँदै आएको थियो । कतिपयले नेपालमा आर्थिक संकट नआउने दावी पनि गर्दै आएका थिए । तर आर्थिक बृद्धिदरबारे गरिएको अनुमान हेर्दा मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा नरहेकै बुझ्न सकिन्छ । यसको अर्थ आगामी वर्षको बजेट निर्माण गर्दा विशेष ध्यान दिन आवश्यक छ । त्यो भनेको लोकप्रिय बजेट ल्याउने नाममा वितरणमुखी र अनुत्पादक कार्यक्रम घोषणा हरेकजसो सरकारबीच प्रतिस्पर्धा चल्ने गरेको छ । तर अर्थतन्त्र सामान्य नरहेको अवस्थामा त्यस्तो स्पर्धा रोकिन आवश्यक छ ।

# सच्चिने अवसर

*अहिले सबै पुराना दलहरूभित्र सवाल उठेको छ : सक्किने वा सच्चिने ! यस्तो परिस्थितिमा पनि उनीहरूको भूमिका भने सच्चिने खालको देखिन्न । दुर्भाग्यको कुरा, उनीहरू नसच्चिए मुलुकले समेत क्षति व्यहोर्नेछ ।*

अग्रलेख



● विष्णु पन्त



हालै सम्पन्न तीन निर्वाचन क्षेत्रअन्तर्गतको उपनिर्वाचनको नतिजालाई हेर्दा स्पष्टरुपमा जनताले विकल्पको खोजी गरेको देखिन्छ । जनताले स्पष्टरुपमै पुराना, संस्थापक र सधैँ दोहोरीने दल र नेताप्रतिको वितृष्णा चुनावबाट व्यक्त गरेका छन् । चुनावी नतिजालाई हेर्दा परम्परागत दलहरु सबै एकातिर हुँदा पनि नयाँ शक्तिलाई जित्ने अवस्था रैनछ भन्ने सन्देश आएको छ । चितवनमा सबै दलहरु मिल्दा पनि रवि लामिछाने निकै पल्लाभारी भए । रवि लामिछानेले प्राप्त गरेको मतले यस्तो देखाउँछ कि मानौं उनी सर्वाधिक लोकप्रिय नेता बन्ने निश्चित छ । यता राष्ट्रपति रामचन्द्र पौडलको चुनावी क्षेत्र अर्थात् नेपाली कांग्रेसको प्रभाव क्षेत्रमा तनहुँमा पनि सोंचिएभन्दा भिन्न परिणाम आयो । कांग्रेसको प्रभाव क्षेत्रबाट रास्वपाको तर्फबाट स्वर्णिम वाग्ले भारी मतान्तरसहित जित हात पारे । भलै उनी विगतमा कांग्रेस पृष्ठभूमिका किन नहुन तर, जनताले कांग्रेसको साटोमा उनलाई मत दिएर जिताए । यो घटनाले जनताले स्पष्टरुपमा विकल्प खोजेको देखिन्छ ।

धेरैलाई लागेको थियो नागरिकताको मुद्दाले रवि लामिछानेलाई अलोकप्रिय बनाउनेछ । तर, नतिजालाई हेर्दा, सर्वोच्च अदालतले उनको क्रेज बढाउन थप सहयोग गर्‍यो । एकातिर उनी कानूनी झमेलाबाट मुक्त भ एभने अर्कोतिर उनलाई जनतालाई भारी मत दिएर उनीविरुद्धका मुद्दाहरुलाई कमजोर तुल्याइदिए । नतिजालाई हेर्दा, रविलाई जनताले अनुमोदन गरे ।

#### परम्परागत शक्तिभित्र विद्रोह

वास्तवमा भन्ने हो भने नेपालमा प्रजातन्त्र वा गणतन्त्रपछिका संस्थापक दल र नेता उनै छन् । पूर्व प्रधानमन्त्रीहरुमध्येबाट हेर्ने हो भने मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराई बाहेकका सबै नेता पुरानै छन् । पुरानै नेताहरुबिच कति पटक प्रधानमन्त्री बन्ने भन्ने होडबाजी चल्ने ? अवस्था विचित्रको छ । बाँचुन्जेल वा आजीवन प्रधानमन्त्री र राष्ट्रपति बन्ने तर, देशका लागि केही पनि नगर्ने चाहना अनौठो छ ।

आज जनताले यीनै नेतृत्वले थुपारेको भ्रष्टाचार, राजनीतिक अस्थिरता, सत्ता र शक्तिको दुरुपयोग अनि भागवण्डा, नातावाद र कृपावाद, पद्धति वा सिस्टमको अभाव, नेताहरू पाल्ने प्रदेश वा संघीयता, परनिर्भर अर्थतन्त्र र राज्यविहीनताको विरोध गरेका छन् । सायद यीनै विकृतिहरूको भण्डाफोर गरेर रवि लामिछानेको जन्म भएको हो । जनताको एउटै आरोप छ- बहुदल आयो, गणतन्त्र आयो तर, जनताको जीवनस्तर झनै खस्कियो । आज सबै युवा र बुढाबुढीको दिमागमा समेत एउटै सपना छ, त्यो हो विदेश पलायन । जनतामा पुराना दल र नेतृत्वप्रति चरम आकोश छ । उनीहरू भन्दै छन्- नेताहरू देश लुटेर धनी भए तर, देश र जनता कङ्गाल बने ।

आज भ्रष्टाचारको छानबीन गर्न पनि नसक्ने अवस्था बनाइएको छ । नेतृत्व तहले आफूविरुद्ध छानबिन गर्न नपाउने गरी विधेयकसमेत ल्याउन प्रयास गरेका दृष्टान्त हाम्रा सामु छन् । घटनाक्रमले प्रष्ट पार्दछ : पुराना दल, नेता र कर्मचारीहरू संस्थागत भ्रष्टाचारको पक्षमा छन् । भवराचारलाई उन्मुक्ती दिन लडाईंमा उनीहरू नियोजीतरुपमा लागेका छन् । जसरी आज भुटानी शरणार्थीको प्रकरण सतहमा आएको छ र जस्ता पात्र मुछिएका छन्, त्यसले प्रष्ट पार्दछ भ्रष्टाचार सबै मिलेर हुन्छ । न त्यहाँ पार्टीको कुरा आउँछ, न त दलहरु मात्रै भन्ने आउँछ । आज मुलुकको समग्र संरचना नै भ्रष्ट बनाइएको छ । जनताको आक्रोश यो भ्रष्ट व्यवस्थाको विकल्प खोज्नु हो ।

#### वैचारिक सिद्धान्तप्रति घृणा

आजको युवापुस्ता विचार वा सिद्धान्त भन्ने विषयप्रति ठूलो वितृष्णा छन् । उनीहरु व्यवहारमा मात्रै विचार र सिद्धान्त खोजीरहेका छन् । उनीहरुभित्र विचारले खान दिँदैन भन्ने मनोविज्ञानको विकास भएको छ । यसको मुख्य कारण नै परम्परागत शक्तिले विकास गरेको विचारबिहीन राजनीति हो । जसरी सत्ता र शक्तिका लागि जे-जस्ता गठबन्धन बनाउन पनि तयार हुने अवस्था बन्यो, त्यसले विचारको मूल्य सिध्यायो । आज न त कांग्रेस कांग्रेस जस्तो छ, न त एमाले एमाले जस्तो र माओवादी माओवादी जस्तो छ । आज जसले विचार, आदर्श र मूल्यमान्यतालाई आत्मसाथ गरेको छ, उ अस्तीत्व संकटमा छ । जनताको दृष्टिकोणमा सबै देश लुट्नका लागि मात्र बनेका हुन् भन्ने स्थापित गरेको छ । पुराना दल र नेताहरुमा कुनै फरक पहिचान नै छैन । मनोविज्ञानमा एउटा तर्क छ : मान्छेभित्रको वास्तविक विचारको अध्ययन गर्नु छ भने उसको व्यवहारलाई अध्ययन गर्नुपर्छ । व्यवहार हेर्दा सबैको समान विचार छ त्यो हो : केवल म आजीवन सत्तामा बसुँ ।

आजको आम राजनीतिक दर्शन वा अभिष्ट म मात्रै सत्तासिन बनुँ र देश र जनता कङ्गाल बनुन् भन्ने खालको देखिन्छ । अरुलाई कङ्गाल बनाउन र आफू मात्र धनि बन्ने, अरुलाई अशिक्षित बनाउन र आफु मात्र शिक्षित बन्ने यो दृष्टिकोण आज हावी छ । पछिल्लो पटक मायोवादीप्रति जनताले ठूलो आशा गरेका थिए तर, हेर्दा हेर्दै माओवादीहरु बोराको आलु जस्तै कुहिएर गन्हाए अनि दुर्गन्धित बने । अब गन्हाउन बाँकी वा कुहिन बाँकी केही छ र ? परिणाम स्वरूप विचारको संकट आजको मुख्य समस्या बन्यो । विचारको कुरो गर्‍यो भने जनताले लखेट्लान जस्तो बन्यो ।

#### नियन्त्रणमा छैन जनमत

हालै उपनिर्वाचनको परिणामले स्पष्ट देखाएको छ कि जनमत दलहरूको नियन्त्रणमा छैन । आज कार्यकर्ता पनि दलको निर्देशन मान्ने अवस्थामा छैनन् । शायद स्वयम् रवि लामिछानेले पनि सोचेका थिएनन् होला कि यति सहजै चुनाव जित्ने छु । यति चाहिँ सही हो कि आजको दिनमा जनताको घृणा, आक्रोश र विद्रोहको निशानामा सबै पुराना दल, नेता र विचार छ । नेपालको इतिहासमा भड्कावको राजनीति हावी छ । विरोध वा गाली गर्ने र सत्तामा पुग्ने । जनतालाई भड्काउने र सत्तामा पुग्ने मात्र पुरानो निरन्तरतामा क्रमभंग होस् भनेर सचेत हुनुपर्ने आवश्यकता छ ।

#### सच्चिने अवसर

यो व्यवस्था संसदीय व्यवस्था हो र संसदीय अंकगणितमा रास्वपाको संख्या सानो नै छ । आगामी चार वर्ष संसद्मा पुरानै दलहरू हाबी हुनेछन् । तथापी उनीहरु सकिने चरणमा छन् । अहिले सबै पुराना दलहरुभित्र सबाल उठेको छ : सक्किने वा सच्चिने । यस्तो परिस्थितिमा उनीहरुको भूमिका भने सच्चिने खालको छैन । उनीहरुले जनता त के आफ्नै कार्यकर्तालाई पनि थुमथुम्याउन सकेका छैनन् । उनीहरुभित्र यो व्यवस्थाले सिर्जना गरेको अस्थव्यस्ततालाई कसरी सम्बोधन गर्ने कुनै उपाय छैन । उनीहरुभित्र यो भ्रष्ट व्यवस्थालाई अन्त्य गर्ने कुनै उपाय देखिन्न ।

नेपालको अहिलेको अवस्था भनेको राजनीतिक र आर्थिक संकटको अवस्था हो । राज्यका सबै क्षेत्र संकटमा छन् । व्यापारी र व्यवसायीहरु नै सबैभन्दा बढी संकटमा छन् । आज अधिकांश पसलहरु बिक्रीमा छन् भन्ने सूचना टाँसिएका छन् । सटरमा विस्तारै खाली हुँदैछन् । आर्थिक लेनदेनमा ठूलो मन्दी र संकट देखापरेको छ । आम जनताहरु बेरोजगारी, महँगी र अनुत्पादनको शिकार बनेका छन् । वास्तवमा यो चरम निराशाको समय हो । यस्तो अवस्थामा जनआक्रोश कता जान्छ भन्न सकिँदैन । जनसमर्थन र विरोधमा उतारचढाव वा उथलपुथल हुनसक्छ । सचेतनापूर्वक र संयमतापूर्वक एउटा बृहत राष्ट्रिय एकताको बाटो अपनाउन सके सबैको जीत हुनेछ । पुराना शक्ति जो सत्तामा छन्, उनीहरुका निम्ति यो सच्चिने अवसर हो । उनीहरु सच्चिएमा व्यवस्था पनि सच्चिन सहज हुनेछ ।

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

अमेरिकाको प्रतिव्यक्ति ऋण १ करोड २२ लाख रुपैयाँ नाघेता पनि अमेरिकाको आर्थिक वृद्धिदर आगामी पाँच वर्षमा ११.३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । चीन, भारतपछिको तेस्रो द्रुत आर्थिक वृद्धि हुने देशमा अमेरिका छ । नेपालले पुँजीगत खर्च(विकास खर्च) गर्न किन ऋण लिँदैन ? विकास गर्न नसक्ने सत्तामा बस्नु हुँदैन ।



**- मिष्टिका देवकोटा**

राष्ट्रपतिले जनताको आवाज सुन्नुभयो । जनताले खोजेको यही परिवर्तन हो भन्दै आफ्नो गल्ती सच्याएर, नयाँ शुरुवात गर्दा पनि स्याल हुँइया मच्चाउँदै रहेछन् । हैन खास चाहिएको चाहिँ के रहेछ नेपालीलाई ? राम्रो कामको प्रशंसा गर्न नसके चुप लागेर बसे भयो त !



**- मानवी पौडेल**

यस्ता अनावश्यक सालिक र भ्यूटावरमा होइन, अब खेलमैदानका पूर्वाधार विकासमा लगानी गरौं । डाँडाको टुप्पामा भ्यूटावर र गाँउ सहरका चोक चोकमा बेतुकका कंक्रिट निर्मित मुर्ती बनाउने संस्कारलाई जरैबाट उखेलौं । कंक्रिट निर्मित टावर र मुर्तिले त्यहाँको महत्व बढाउने होइन थप कुरुप देखाउन मात्रै सहयोग गरेको छ ।



**- निर्मला ढकाल**

सुरक्षाकर्मी भएको राज्यसँग हातहतियार पनि हुनैपर्छ होल, यसमा के, किन भन्ने बहस सार्थक नहोला, तर मुख्य कुरा को मार्फत र कसरी ल्याइँदै छ भन्ने कुरो चाँही उठ्नै पर्छ । राज्यको सम्पत्ति खरिद बिक्रीमा पार्दर्शिता र विश्वासको वातावरण चाँही जनताले अनुभुती गर्न पाउनै पर्छ ।

# अभिव्यक्ति स्वतन्त्रतामा स्वतन्त्र प्रेस

विचार



● धर्मेन्द्र झा

स्वतन्त्र पत्रकारिता लोकतन्त्रको पहिलो आवश्यकता र शर्त दुवै हो । यसको अभावमा लोकतन्त्र छ भनेर कहीँ दाबी गरिन्छ भने त्यो फगत दाबीमात्र हुनेछ । यस परिदृश्यमा लोकतन्त्रको यो महत्वपूर्ण औजारलाई जोगाइरहने अभिभारा स्वभावैले सञ्चारकर्मीको काँधमा जान्छ । यस्तोमा पत्रकार बलियो नभई पत्रकारिता र लोकतन्त्र बलियो हुन नसक्ने यथार्थ हामी सबैले बुझ्नु जरुरी छ । पत्रकारिता स्वतन्त्र, बलियो र प्रभावकारी नहुँदा लोकतन्त्र पनि सुदृढ हुन सक्दैन । लोकतन्त्रको सुदृढीकरणको अभावमा जनताको मौलिक अधिकार पनि सुरक्षित नहुने निश्चित छ ।

नेपालको संविधान २०७२ प्रेसमैत्री त छ तर, यदाकदा तिनको कार्यान्वयनका सन्दर्भमा प्रश्नचिह्न खडा हुने गर्दछ । संविधानको धारा १७ को (२) को (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिएको छ । यस्तै, संविधानको धारा १९ मा सञ्चारको हक सुनिश्चित गरिएको छ । यस धाराको उपधाराः (१) मा 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन' भन्ने उल्लेख छ । यसैगरी, धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । यस आधारमा हेर्ने हो भने प्रेस अधिकारका दृष्टिले नेपालको संवैधानिक व्यवस्थालाई अत्यन्त सकारात्मक मान्नुपर्ने हुन्छ । तर, संविधानले व्यवस्था गरेका प्रावधानहरूका सन्दर्भमा कतिपय कानुनी अल्झो देखिने गरेको छ । कतिपय आवश्यक कानुन नै बनेका छैनन् भने कतिपय भएका कानुनमा अलमलको अवस्था अनुभूत गरिएको छ ।

विचार तथा प्रेस र अभिव्यक्ति स्वतन्त्रता एवम् सूचनाको हक नागरिक सशक्तीकरणका लागि महत्वपूर्ण संवैधानिक आधार हुन् । कुनै पनि मुलुकमा लोकतन्त्र कति बलियो छ भन्ने कुराको मूल्यांकन त्यहाँको शासन पद्धतिमा नागरिकको सहभागिता र मिडियाको प्रभावकारिताको आधारमा गर्न सकिन्छ । यस अर्थमा लोकतान्त्रिक मूल्य मान्यताको मापनको यो एक महत्वपूर्ण औजार हो ।

अभिव्यक्ति स्वतन्त्रताको सन्दर्भमा कुनैपनि बिमती हुन सक्दैन, यो आमव्यक्तिको मौलिक अधिकार हो । कतिपयले यस अधिकारको कार्यान्वयनमा राज्यको भूमिकाका सन्दर्भमा यस अधिकारलाई नकारात्मक अधिकारको संज्ञा पनि दिने गरेका छन् । जनताले अभिव्यक्ति स्वतन्त्रताको निर्वाध उपयोग गर्ने क्रममा कहिलेकाहीँ राज्यले नकारात्मक प्रभावको सामना पनि गर्नुपर्ने हुनसक्छ । तर, यति हुँदाहुँदै पनि राज्यले यस अधिकारको संरक्षणका लागि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राज्यको यो प्राथमिक दायित्व हो ।

अभिव्यक्ति स्वतन्त्रताको सम्बन्ध आमव्यक्तिले विचार निर्माण गर्न पाउने र प्रकट गर्ने अर्थात् व्यक्त गर्न पाउने कुरासँग छ । यसै सन्दर्भमा विचार निर्माणको मूल आधार सूचनाको प्राप्ति हो भन्ने यथार्थलाई गौण गर्न सकिँदैन । स्मरणीय के छ भने यी सबै कुरा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ मा उल्लेख गरिएका छन् र नेपाल यी दुवै दस्तावेजको हस्ताक्षरकर्ता देश हो ।

अभिव्यक्ति स्वतन्त्रताको प्रचलन गर्ने/गराउने सन्दर्भमा प्रेसको भूमिका महत्वपूर्ण हुन्छ । त्यो किन पनि भने प्रेसलाई विचार अभिव्यक्ति गर्ने स्वतन्त्र र साझा मञ्च वा माध्यम मानिन्छ । प्रेस स्वतन्त्र हुन सकेन भने यसले आमव्यक्तिको विचार अभिव्यक्तिका सन्दर्भमा स्वतन्त्र र साझा मञ्चको हैसियत गुमाउँछ । प्रेसले चाहे जुनसुकै कारणले होस् स्वतन्त्र मञ्चका रूपमा भूमिका निर्वाह गर्न सकेन भने आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हक कुण्ठित हुने सम्भावनाको विकास हुन्छ ।

अभावग्रस्त प्रेस, डराएको प्रेस, राजनीतिक, व्यावसायिक, आपराधिक वा अन्य कुनै वर्ग समूहको कठपुतली बन्न बाध्य प्रेसले निश्चय पनि आफूलाई स्वतन्त्र र साझा मञ्चको हैसियतमा प्रस्तुत गर्न कठिन हुन्छ । यस अवस्थामा आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको संकुचन हुने निश्चित छ । यस्तोमा व्यक्तिले आफ्ना धारणा सार्वजनिकरूपमा व्यक्त गर्ने सम्भावनाको ढोका बन्द हुन्छ र राज्य तथा व्यक्तिबीचको संवादको पनि अन्त्य हुन्छ । यस अवस्थामा व्यक्तिको आवश्यकता र तिनका समस्याबारे राज्यले जानकारी प्राप्त गर्न सक्दैन र राज्य आफूखुसी निर्देशित हुने मार्गप्रशस्त हुन्छ । निश्चय पनि यो अवस्था भनेको लोकतन्त्रको क्षयीकरणको अवस्था हो ।

राज्यले आफूखुसी गर्ने सम्भावनाको अन्त्यका लागि पनि अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता अपरिहार्य छ । अभिव्यक्ति स्वतन्त्रको हनन् अथवा निर्वाध कार्यान्वयन हुन नसक्ने अवस्थालाई आमव्यक्तिको मुख थुन्ने अवस्थासँग तुलना गर्न सकिन्छ । यस अवस्थामा व्यक्तिले कुनै पनि कुरा भन्न नसक्ने अवस्थाको सिर्जना हुन्छ । यो अवस्था भनेको उनका कुनै पनि अधिकार कार्यान्वयन हुन नसक्ने अवस्था हो । जब व्यक्तिले आफ्ना विचार वा धारणा नै व्यक्त गर्न सक्दैन भने स्वाभाविकरूपले बुझ्नुपर्छ उसका आवश्यकता सम्बोधन हुन सक्ने अवस्थाको अन्त्य भएको छ वा हुँदैछ र अन्य सबै अधिकार धरापमा पर्ने वातावरणको निर्माण हुँदैछ ।

अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयनको मुद्दालाई राज्यले आफ्नो प्राथमिकतामा राख्ने हो भने यसको प्रचलनका लागि उपयुक्त वातावरणको निर्माण गर्नु जरुरी हुन आउँछ । संवैधानिक र कानुनी प्रवधानको कार्यान्यन, बहुलवादी समाजको उपस्थितिबारेको स्वीकारोक्ति, आवश्यक थप कानुनको निर्माण, अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुशरण र सुरक्षाको प्रत्याभूतिले यस दिशामा उपयुक्त वातावरण निर्माण गर्न सघाउँछ । राज्य यसतर्फ गम्भीर हुन सके सकारात्मक परिणामको प्राप्तिको अपेक्षा गर्न सकिन्छ । माथिको विश्लेषणको आधारमा भन्नैपर्ने हुन्छ, अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयन नेपालको दायित्व हो ।

***(लेखक झा, राससका कार्यकारी अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष हुन् ।)***

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ कार्य बन्ने योग छ । साथै, यात्रा हुनेछ । |
| वृष | : | प्रियजनसँग भेट हुनेछ । पारिवारिक उल्झन तथा तनावमा वृद्धि हुनेछ । |
| मिथुन | : | आत्मविश्वास राख्नुहोला । आध्यात्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| कर्कट | : | कार्यमा सफलता भएको कारण शान्तिमा वृद्धि हुने योग छ । |
| सिंह | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादको योग छ । |
| कन्या | : | दैनिकी सबै कार्यमा सफलता प्राप्त हुन्छ । मन उत्साहित हुनेछ । |
| तुला | : | अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । शान्त र आनन्दित रहने योग छ । |
| धनु | : | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| मकर | : | आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । स्वास्थ्य कमजोर हुनेछ । |
| कुम्भ | : | सम्मान तथा सम्पत्तिमा वृद्धि हुनेछ । मनमा उत्साह छाउनेछ । |
| मीन | : | साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सुडान संघर्ष : सात दिनसम्म युद्धविराम गर्ने सहमति



काठमाडौं/एजेन्सी- सुडानमा युद्धरत पक्ष बिहीबारदेखि लागू हुने गरी सातदिने युद्धविराम गर्न सहमत भएका छन्। दक्षिण सुडानका राष्ट्रपति साल्भा किर मेयारदिटसँगको फोनवार्तामा युद्धरत समूहका नेताले उक्त सहमति गरेका हुन्।

दक्षिण सुडानको विदेशमन्त्रालयका अनुसार सुडानी सेना (एसएएफ) प्रमुख अब्देल फताह अल बुरहान र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्सेस (एसआरएफ)प्रमुखले भोलि वैशाख २१ देखि २८ गतेसम्म युद्धविराम गर्न सहमति जनाएका हुन्। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा दुवै पक्षले वार्ताका लागि आ-आफ्ना प्रतिनिधि खटाउन सहमति पनि जनाएका छन्।

दक्षिण सुडानका राष्ट्रपतिले लामो समयसम्म युद्धविराम हुनुपर्नेमा जोड दिँदै त्यसनिम्ति वार्ता अपरिहार्य भएको बताए। उनले दुवै पक्षलाई वार्ताको मिति प्रस्ताव गर्न आग्रह गर्नाका साथै दुवै समूहलाई मान्य हुने वार्तास्थल निर्धारण गरिने जानकारी दिएका छन्। शीघ्र वार्ताका निम्ति प्रतिनिधिका नाम पठाउन पनि उनले आग्रह गरेका छन्।

व्यापार र विकासका लागि आठ अफ्रिकी देशको अन्तरसरकारी मञ्च (आइजिएडी) का प्रमुखहरुसमेत रहेका दक्षिण सुडानका राष्ट्रपतिलाई युद्धरत पक्षलाई वार्ताको टेबलमा ल्याउन तथा युद्धविराम गराउन सम्बद्ध पक्षसँग वार्ता गर्न आइजिएडीले अधिकार प्रत्यायोजन गरेको थियो। भीषण युद्धका कारण राजधानी खार्तुमलगायत सुडानको अवस्था भयावह बनेपछि आइजिएडीले युद्धविरामको पहल गरेको हो।


## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०१/२१**

यस सामाजिक कार्यका लागि सम्पूर्ण शक्ति नेपाल, तारकेश्वर-४, पुरानो गुहेश्वरी अन्तर्गत भिन्न क्षमता भएका व्यक्तिहरुका लागि व्हिल चियर र्‍याम्प सहितको अपाङ्ग मैत्री भवन (कारखाना) निर्माण गर्नुपर्ने हुनाले आफ्नो प्रोफाइल सहित यस कार्यालयमा सम्पर्क राख्नु हुन वा निम्न फोन नं. मा सम्पर्क राखी तत्सम्बन्धी जानकारी दिनु हुन सम्बन्धित कम्पनीलाई यो सूचना प्रकाशित गरिएको छ। भिन्न क्षमता भएको भवन निर्माण गरेकोलाई प्राथमिकता दिइने छ।

**सम्पर्क समयः** बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म विज्ञापन प्रकाशित भएको मिति देखि १ हप्ता भित्र।

**सम्पर्क कार्यालयः** सामाजिक कार्यका लागि सम्पूर्ण शक्ति नेपाल तारकेश्वर-४, पुरानो गुहेश्वरी मन्दिर, काठमाडौं, नेपाल, फोन नं. : ९८५१३२९५७७


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, सल्यान**
बढुवा समितिको सचिवालय

## सूचना

**मिति २०८०/०१/२१**

यस जिल्लास्थित सल्यान जिल्ला अदालत, सल्यानमा रिक्त नेपाल न्याय सेवा, न्याय समूह, रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) तामेलदार पद १ (एक) मा जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाको लागि डिभिजन वन कार्यालय, सल्यान अन्तर्गत वन रक्षक (श्रेणी विहिन पाँचौं) पदमा कार्यरत श्री राम बहादुर बुढा (क.सं.नं. १५४१४५) ले जेष्ठता र कार्यसम्पादन मूल्यांकनमा १०० (सत प्रतिशत) अंक प्राप्त गर्नु भएकोले निजलाई जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाको लागि सल्यान जिल्ला अदालत, न्यानमा रिक्त नेपाल न्याय सेवा, न्याय समूह, रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) तामेलदार पद १ (एक) मा बढुवाको लागि सिफारिस गर्ने मिति २०८०/०१/१९ गते बसेको बढुवा समितिको बैठकबाट निर्णय भएकोले निजामती सेवा ऐन २०४९ (संशोधन सहित) को दफा २४ (च) प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **The Global Recruitment Agency Pvt. Ltd.** श्रम इजाजत पत्र न. १२५३/०७४/०७५ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | पासाङ काजि तामाङ | मार्केटिङ अफिसर | 13193/62 |
| २. | स्वस्तिका बैगर | पि.आर.ओ. | 66-06-77-03753 |

The Global Recruitment Agency Pvt.Ltd.
Govt. Lic. No.: 1253/074/075
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल, फोनः ०१-४९६५२६४, ४९६५९८३

## Vacancy Annoucement

A Newly Opened Manpower Services Company Which Has It's head Office In Dubai Is Seeking To Hire Dynamic Staffs To Join In Nepal Office..

Business Development Officer - 2 (Male/female)
Manager-1 (Male/female)

SALARY Negotiable

- ★ Experience In Manpower Industry Will Only Be Considered.
- ★ Arabic Speaking Is Preferred.

श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०
**ROYAL AND PARTNERS** Services Pvt. ltd.
Tokha -10, Samakhusi, Kathmandu, Nepal
Phone no.: 01-5914938 /Email : info@rpmanpower.com
Mobile: 9813010593/ Website : www.rpmanpower.com

## साउदीमा रोजगार | कम्पनीः DANAT AL RAYAN CONTRACTING COMPANY
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२५५५ LT. No.:276776 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 77 | 0 | स. काममा दक्ष | 1000 | ३४,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख २८ देखि जेठ १ गते सम्म (11 to 15 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

## ROMANIA मा रोजगार | कम्पनीः MULTI PROFESSIONAL SOLUTIONS SRL
शहरः Romania

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.:६०१८३७९४ LT. No.: 267192 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 18 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७१,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 650 | ८४,९६८ | | | | | | | |
| 3. | Construction Worker | 1 | 0 | | 600 | ७८,४३२ | | | | | | | |
| 4. | Agriculture Worker | 1 | 0 | | 550 | ७१,८९६ | | | | | | | |

यसै कम्पनीको लागि Waiter र Dishwasher हरुको पनि आवश्यक भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा कम्पनी प्रतिनिधिबाट २०८० बैशाख २७ र २८ गते (10 & 11 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डिभाईन इन्साईट ओभरसिज प्रा. लि.**
धुम्बाराही (टेनिस्कोर्ट पछाडी), (श्रम इजाजत नं. ९६४/०६७/०६८)
फोनः ०१-४३७१५९, निरन्जन:९८४३४१७७१४, हरि: ९८०३१०१६५७
शनिबार पनि कार्यालय खुल्ला रहने छ।

## कतारमा रोजगार | १. कम्पनीः MANFORCE TRADING & CONTRACTING CO. WLL
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/१४ चलानी नं.: ६०१८८५९६ LT. No.: 272988 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 22 | 0 | स. काममा दक्ष | 1500 | ५४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dry clean worker | 22 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 3. | Falafel maker | 15 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 4. | General clean worker | 0 | 20 | | 1500 | ५४,१६५ | | | | | | | |
| 5. | General cook | 22 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 6. | Grill chicken maker | 22 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 7. | Grill fish maker | 18 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 8. | Grill meat maker | 17 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 9. | Ground steward | 23 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 10. | Hotel manager | 8 | 0 | | 5800 | २०९,४३८ | | | | | | | |
| 11. | Juice maker | 15 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 12. | Kabab maker | 12 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 13. | Key technician | 10 | 0 | | 1500 | ५४,१६५ | | | | | | | |
| 14. | Receptionist | 0 | 10 | | 1500 | ५४,१६५ | | | | | | | |
| 15. | Waiter | 0 | 40 | | 1500 | ५४,१६५ | | | | | | | |
| 16. | Washing worker | 0 | 18 | | 1500 | ५४,१६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० बैशाख २८ गते (11 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डायना ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

## मलेसियामा रोजगारको अवसर | कम्पनीः I-HAWK SECURITY CONSULTANT SDN BHD
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०१/२० चलानी नं.: ६०२००९१५ LT. No.: 285494

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २८ गते (11 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.** इजाजत पत्र नं. ३९८/०६०/०६१
बसुन्धारा-३, काठमाडौं, नेपाल फोनः ५९०४९५५, फ्याक्सः ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com

## UAE मा रोजगारको अवसर | कम्पनी : CRAVIA INC LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/१२/२० चलानी नं.: ६०१७५३९२ LT. No.: 258708 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 24 | 16 | स. काममा दक्ष | 1200 | ४२,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख २८ गते (11 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**G.C.D. WORLDWIDE PVT. LTD.** Govt. Lic. No.: 519/061/062
Sinamangal-09, Kathmandu, Nepal | Email: worldgcd@gmail.com
Mobile : 9801399971 | 9801399972 | 9801399973 | 9801399974 | 9801399975 | 9801399976

## मलेसियामा रोजगार | कम्पनी : CHUN SENG (BP) INDUSTRIES SDN BHD
शहरः Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०८०/०१/२० चलानी नं.: ६०२००९११ LT. No.:285377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २८ गते (11 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Growth Process International Employment Pvt. Ltd.** श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## KUWAIT मा रोजगारको अवसर

१. कम्पनीः PALM PALACE RESTAURANT CO. W.L.L. शहरः Kuwait, Salmeya
पूर्व स्वीकृत मितिः २०७८/०९/२५ चलानी नं.: ६०१७२४०८ LT. No.: 255859 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
